# एकल महिलाको जीविकोपार्जनको लागी पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रस्तावना**

नेपाली समाजमा बिभिन्न कारणले एकल रुपमा रहेका महिलाहरुको आर्थिक गतिबिधीहरुमा न्यून सहभागिताको कारण निजहरुको क्षमता अनुसार आर्थिक योगदान हुन सकेको छैन। जसले गर्दा समाजमा हुने बिभिन्न बिकास निर्माणका निर्णय प्रकृयाहरुमा निजहरुको न्यून सहभागिता देखिन्छ। भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश न २ जनकपुरधामको प्रतिवद्धता अनुसार एकल महिलाको जीविकोपार्जनको लागी पशुपालन कार्यक्रम नीति तथा कार्यक्रमलाई सहज सरल पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्नका लागि **एकल महिलाकोजीविकोपार्जनको लागी पशुपालन कार्यक्रम** कार्यान्वयन कार्यविधि, २०७५ तयार गरिएको छ ।

**परिच्छेद १ प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क. **यो कार्यविधिको नाम**" एकल महिलाको जीविकोपार्जनको लागि पशुपालनकार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

ख. **यो कार्यविधिः** प्रदेश नं. २ को मन्त्रीपरिषदवाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ।

**२.परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि**

क. **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश न २ लाई संम्झनुपर्छ।

ख. **निर्देशनालय"** भन्नाले पशुपँछी तथा मत्स्य विकास निर्देशनाय प्रदेश न २ लाई संम्झनुपर्छ

ग. **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लाई संम्झनु पर्दछ ।

घ. **"कार्यदल"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट गठित पशु विकास कार्यदललाई संम्झनुपर्दछ ।

ङ. **"निजि फार्म"** भन्नाले एकल महिला स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा कानुन वमोजिम दर्ता भएको फार्म संम्झनुपर्दछ ।

च. **"कार्यक्रम"** भन्नाले यस कार्यविधिको अधिनमा रही संचालन भएको एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम संम्झनुपर्छ ।

छ. **"एकल महिला"** भन्नाले आर्थिक दृष्टीले विपन्न देहायका महिला सम्झनु पर्दछ ।

२.१ सम्बन्ध विच्छेद गरेकी महिला ।

२.२ विधवा महिला।

२.३ पैतिस ३५) वर्ष उमेर पुरा गरेकी अविवाहित महिला ।

२.४ पाँच वर्ष भन्दा बढी समय देखि पति हराएको वा वेपत्ता भएको महिला ।

**३.प्रस्ताव आहवान मूल्याँकन र स्वीकृत गर्ने विधिः**

क. सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष बाख्रा र कुखुरा पालन कार्यक्रम संचालनको लागी स्थानीय स्तरको पत्रपत्रिकामा अनसुची १ बमिजिमको सुचना प्रकाशन गर्ने काम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको हुनेछ ।

ख. एकल महिलाको जीविकोपार्जनको लागी पशुपँछी पालन कार्यक्रम संचालनको लागी प्राप्त प्रस्तावको स्थलगत मूल्याँकनको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखले निम्न वमोजीमको एक जना अधिकृत सँयोजक रहेको कम्तीमा ३ सदस्ययी स्थलगत मूल्याँकन समिति गठन गरिनेछ ।

स्थलगत मूल्याँकन समिति निम्नानुसारको रहनेछ ।

सँयोजक पशु चिकित्सक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सदस्य= मत्सय विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सदस्य सचिव पशु विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

ग. उक्त समितिले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावहरुको स्थलगत अनुगमन मूल्याँकन गरि अन्तिम अनुमोदनको लागि पशु विकास कार्यदलमा पेश गर्नेछ ।

घ. एकल महिलाको जीविकोपार्जनको लागी पशुपँछी पालन कार्यक्रम संचालनको लागी छनौट भएका स्थानहरु स्थलगत मूल्याँकनको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको सँयोजकत्वमा ७ सदस्यीय पशु विकास कार्यदल गठन गरिनेछ ।

| | |
|---|---|
| १.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको | संयोजक |
| २.कृषि ज्ञान केन्द्रको अधिकृत प्रतिनिधि | सदस्य |
| ३.जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | सदस्य |
| ४.जिल्ला समन्व समितिको कार्यलयको प्रतिनिधि | सदस्य |
| ५.सम्वन्धित जिल्लाको अगुवा कृषक पुरुष एक जना | सदस्य |
| ६.सम्वन्धित जिल्लाको अगुवा कृषक महिला एक जना | सदस्य |
| ७.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तोकेको अधिकृत १ जना | सदस्य सचिव |

यसरी गठित पशु विकास कार्यदलले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावरुको स्थलगत मूल्याँकन विवरणलाइ अध्यन गरि अनुमोदन गर्नेछ र अवश्यक परेको खण्डमा एकल महिलाको घरदैलोमा समेत गई स्थलगत मूल्याँकनको नतिजा हेर्न सकिनेछ ।

## जिविकोपार्जनका लागि एकल महिला लक्षित पशुपालन कार्यक्रम

**४.कार्यक्रम संचालन हुने स्थान**

क.प्रदेश नं. २ को ८ वटै जिल्लाहरुमा रहेका सवै स्थानिय तहमा तोकिएको स्थानमासंचालन हुने छ

**५.कार्यक्रमका विषयगत क्षेत्रहरु** यस कार्यिविधि अनुसार एकल महिला लक्षित बाख्र तथा कुखुरापालन कार्यक्रम मात्र सचालन गरिनेछ ।

डा. बंशी शर्मा

क. बाख्रापालन कार्याक्रम: बाख्रा खरिद, खोर निर्माण, खोप,आहारा परजिवि नियन्त्रण कार्यका लागि सहयोग गरिनेछ। एककृषकले दुई बाख्राको पाठी कम्तीमा १० देखि १५केजी जिउदो तौल र प्रजनन योग्य उमेर पुगेको खरिद गर्नु पर्नेछ।

ख. कुखुरापालन कार्यक्रम: प्रति कृषक ५० गोटा डुयल परपस को चल्ला खरिद, खोर निर्माण, खोप र परजिवि नियन्त्रण कार्यका लागि सहयोग उपलव्ध गराईने छ ।

६.कार्यक्रम सन्चालन प्रकृया

क.एकल महिलाको तथ्याँक अभिलेख स्थानिय तहसंग समन्वय गरि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सँकलन गर्नु पर्ने छ ।

ख.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानीय पत्रपत्रिका र एफ एम रेडियोवाट अनुसूची १ अनुसारको प्रस्ताव सम्वन्धी सूचना प्रवाह गर्नुपर्छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले र सो सूचना स्थानिय तहको पशु सेवा शाखामा समेत टाँस गर्नुपर्नेछ ।

ग.प्रस्तावक कृषकहरुले अनुसूची २ अनुसारको निवेदन र अनुसूची ३ अनुसारको सँक्षिप्त कार्ययोजना भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नुपर्नेछ ।

घ.एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावको स्थलगत मूल्याकनको गगि क्रम संख्या ३ को (क) वमोजिमको समितिले गरिने छ ।

ङ. कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावको स्थलगत मूल्याकनको बुदाहरु पशु विकास कार्यदलले तोके वमोजिम हुनेछ ।

च. कृषकहरुवाट प्राप्त निवेदनहरु छनौट तथा मुल्यांकन समितिले छनौट गरी अनुमोदनका क्रम संख्या ३ को (ख)वमोजीम गठन भएको पशु विकास कार्यदल समक्ष पेश गर्नु पर्नेछ।

छ.कार्यदलले अनुमोदन गरेपछि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ज..छनौट भएका स्थानीय तहका एकल महिला कृषकहरुमा यो कार्यक्रम सँचालन हुने छ ।

झ.कार्य सम्पन्न गरे पश्चात स्थानिय तहको पशु सेवा शाखाको सिफारिसमा मात्र अनुदान रकम भुक्तानी दिईने व्यवस्था भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट मिलाईनेछ.

डा. बंशी शर्मा

७.आर्थिक नर्मस

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | वजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| | बाख्रा पालन कार्यक्रमका लागि प्रति कृषक | | | | |
| १ | बाख्रा वितरण प्रति कृषक | संख्या | २ | २०००० | प्रति व्यक्ति रु ४५००० का दरले २० कृषकलाई जम्मा रु ९००००० र अभिमुखिकरण रु५००००गरि जम्मा ९५०००० प्रति जिल्ला २० जना एकल महिला कृषकलाइ |
| २ | बाख्राको खोर निर्माण प्रति कृषक (२० जनालाई) | संख्या | १ | १०००० | |
| ३ | बाख्राको , परजिवि नियन्त्रण, खोप | पटक | ३ | १०००० | |
| ४ | डालेघांसका विरुवा ढुवानी तथा वितरण प्रति २० कृषक | | १००० | ५००० | |
| अभिमुखिकरण तालिम २० कृषक एक पटक | | | | ५०००० | |
| | कुखुरा पालन कार्यक्रमका लागि प्रति कृषक | | | | |
| १ | ड्युल प्रपोजका कुखुराको चल्ला वितरण प्रति कृषक | संख्या | ५० | ५००० | प्रति व्यक्ति रु २५००० का दरले १० कृषकलाई जम्मा रु २५०००० र अभिमुखिकरण रु २००००र कार्यदलको वैठक रु.३००००गरि जम्मा रु.३००००० प्रति जिल्ला जम्मा १० जना एकल महिलालाइ |
| २ | खोर निर्माणका लागि सहयोग प्रति कृषक | संख्या | १ | १०००० | |
| ३ | खोप, औषधी, परजिविनियन्त्रण प्रति कृषक | पटक | २ | १०००० | |
| अभिमुखिकरण तालिम १० कृषकका लागि | | | | २०००० | |
| कार्यदलको वैठक | | २ पटक | | ३०००० | |

अनुसूची–१

**निवेदन आव्हानको सूचनाको ढाँचा**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

.............

प्रथम पटक प्रकाशित मिति : .............

यस केन्द्रको आ.व. २०...../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **एकल महिलाको जीवीकोपार्जनको लागि पशुपंछी पालन कार्यक्रम** रहेकाले इच्छुक सम्वन्धित **एकल महिला** कृषकबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम र ३ अनुसारको सक्षीप्त कार्ययोजना
२. संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. सम्वन्धित स्थानिय तह वा अधिकारिक निकायबाट एकल महिला भएको पहिचान हुने सिफारिसपत्र ।

डा. बंशी शर्मा

अनुसूची – २

सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
......................

विषय : सहयोग उपलब्ध गराई दिने बारे ।

उपरोक्त सम्वन्धमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र......................को मिति.................गतेको सूचना अनुसार मलाई पशुपन्छीपालनमा सहयोग प्राप्त गरी.................................... कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु ।

पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
२. सम्वन्धित स्थानिय तहवाट वा अधिकारीक निकायवाट एकल महिला भएको पहिचान हुने सिफारिसपत्र
३. संक्षिप्त कार्ययोजना

<u>निवेदकको</u>

नामः
दस्तखत :
संस्था/व्यक्तिः
ठेगानाः

डा. बंशी शर्मा

अनुसूची ३

एकल महिला जीवीकोपार्जनको लागि पशुपँछी पालन कार्यक्रमको

<u>सँक्षिप्त कार्ययोजना</u>

समूह/व्यक्तिको नामः

सम्पर्क नं.

ठेगानाः जिल्ला :

गाँउपालिका/नगरपालिका/उप म.न.पा./म. न.पा. टोल वार्ड नं.

कार्यक्रम संचालन गर्नुको मुख्य उद्धेश्यहरुः

कार्यक्रम संचालन सम्बन्धी विशेष केही अनुभव :

कार्यक्रम संचालन हुने स्थानः

संचालन गरिने कार्यक्रमको नामः

| क.सं. | संचालन गरिने मुख्य क्रियाकलापहरु | समूह/व्यक्तिको लगानी रकम रु | अपेक्षित अनुदान रकम रु. | जम्मा लगानी रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

समूह/व्यक्तिको नामः

ठेगानाः

नाम :

पदः

हस्ताक्षरः

समूहको छापः

डा. बंशी शर्मा